# सुख्खा एवम् खडेरीबाट तत्काल राहतका लागी भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८२

नेपालको अन्नभण्डार मधेश प्रदेशमा मनसुन भित्रिएको डेढ महिनाभन्दा बढी समय भइसक्दा पनि पर्याप्त पानी नपरेकोले धान रोपाँई प्रभावित भएको छ। सो अवस्था समेतलाई मध्य नजर गर्दै नेपाल सरकारले मिति २०८२/०४/०७ गते मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । हाल सुख्खा एवम् खडेरीबाट श्रृजित भएको विशेष परिस्थितिलाई न्यूनिकरण गर्न राहत स्वरुप प्रदेश सरकारको श्रोत तर्फ रहेको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम तथा भूमिगत सिचाई जस्तैः- स्यालो ट्युववेल लक्षित कार्यक्रमहरु सञ्चालन गर्न अपरिहार्य रहेको छ ।साथै हालको समस्यालाई सम्बोधन गर्न नेपाल सरकार वा अन्य दातृ निकायहरुवाट राहत स्वरुप सहयोगका पहलहरु चाल्नुपर्ने समेत आवश्यकता रहेको छ ।

सोही अवस्थालाई मध्यनजर गर्दै "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" को दफा ४ को उपदफा २ वमोजिम श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रिस्तरीय) निर्णयवाट तत्काल लागू हुने गरी यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधी स्वीकृत गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यो विधिको नाम " सुख्खा एवम् खडेरीबाट तत्काल राहतका लागी भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८२" रहेको छ।

(२) यो विधि मन्त्रालयवाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) अनुदान भन्नाले यस सञ्चालन विधि अनुसार कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने आर्थिक सहुलियतलाई सम्झनु पर्छ।

(ख) आवेदन भन्नाले यस सञ्चालन विधिको अनुसूची –२ वमोजिमको निवेदनलाई सम्झनु पर्छ।

(ग) कार्यालय भन्नाले जिल्ला स्थित कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

(घ) निर्देशनालय भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) प्राविधिक प्रतिवेदन भन्नाले यस सञ्चालन विधिको प्रस्तावनामा निहीत उद्देश्य अनुसार संञ्चालित वा सञ्चालन हुने कार्यक्रम/क्रियाकलापहरुको स्थलगत अनुगमन र सुपरिवेक्षण गरी तयार गरिएको प्राविधिक विवरण सहितको प्रतिवेदनलाई जनाउँछ।

(च) मन्त्रालय भन्नाले मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(झ) अनुदानग्राही भन्नाले यस सञ्चालन विधिको दफा ४ को उपदफा (२) वमोजिमको कृषकलाई सम्झनु पर्छ।

डा. उमेश दाहाल
प्रदेश सचिव



CamScanner

३. उद्देश्य : वढिमा ४ इन्चसम्मको ब्यासको स्यालो टयूबवेल जडान गरी विद्युतिय समरसिबल पम्प/सरफेश पम्प/सोलार पम्प प्रणाली/सेन्ट्रिफ्यूगल प्रणाली वा पुरानो जडान ट्युववेलमा सोलार पम्प प्रणाली प्रयोग गरी कृषि क्षेत्रका लागि आवश्यक सिंचाई गर्न सुख्खाबाट प्रभावित भएका र अन्य वैकल्पिक श्रोत नभएको स्थलमा भूमिगत सिंचाईको प्रभावकारी र दिगोपना हुने गरी उपयोग बढाउनु ।

४. कार्यक्रम संचालनः- (१) यस प्राविधिक मापदण्ड तथा संचालन विधि अनुरुप देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्नसकिनेछ ।

(क) सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम

(ख) स्थानिय तह लक्षित भूमिगत सिंचाई/स्यालो ट्युववेल/ट्युववेल/सोलार प्रणालि कार्यक्रमहरु

(२) दफा १ बमोजिमका कार्यक्रमहरुको आर्थिक सिमा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६" को अनुसूचि -१ बमोजिम रहनेछ ।

५. सूचना प्रकाशन, प्रस्ताव संकलन तथा छनौटका आधारः- (१) कार्यालयले सात दिनको म्याद दिई अनूसुचि-१ बमोजिमको ढाँचामा स्थानिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी अनुदानग्राहीवाट आवेदन माग गर्नु पर्नेछ। उक्त सूचनाको जानकारी स्थानीय तहमा पठाउनुपर्नेछ। साथै आवेदन दिने अवधि भर एफ. एम. वाट सूचना प्रसारण गर्नुपर्नेछ ।

(२) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका अनुदानग्राहीले यस सञ्चालन विधि अनुरुप आफुलाई आवश्यक पर्ने सिंचाई प्रणालिको माग सहित कार्यक्रममा सहभागी हुन अनुसूचि-२ बमोजिमको ढाँचामा आवेदन पेश गर्नुपर्नेछ । साथै क्लष्टरमा सिंचाई गर्ने आपसी सहमती भएका उपभोक्ताहरुको लागी अनुसूचि-३ बमोजिमको विवरण समेत पेश गर्नुपर्नेछ ।

(क) कृषि उत्पादनमा संलग्न दुई बिघा जग्गा भएको कृषक वा कृषक परिवार।

(ख) एक भन्दा बढी कृषक परिवारहरुको जग्गा मिलाएर दुई बिघा जग्गाको क्लष्टरमा सिंचाई गर्ने आपसी सहमती भएका उपभोक्ताहरु मध्येका एकजना कृषक।

(३) प्रस्ताव छनौटको क्रममा सुख्खा प्रभावित क्षेत्रका किसानहरुलाई प्राथमिकता दिईनेछ । तर सतह सिंचाईबाट सिंचाई भईरहेका क्षेत्रहरु र बिगत दुई आ.व. मा यस किसिमको अनुदान पाइसकेका अनुदानग्राहीहरुलाई कम प्राथमिकतामा राखिनेछ ।

६. प्राविधिक स्पेसिफिकेशन तथा लागत अनुमान: (१) सिभिल वा कृषि इन्जिनियर/ओभरसियर/ सव-ओभरसियर वा साना सिंचाई सम्वन्धी तालिम प्राप्त कृषि प्राविधिकबाट स्यालो ट्युववेल जडान सम्वन्धी प्राविधिक स्पेसिफिकेशन र लागत अनुमान तयार गरी सम्वन्धित कार्यालय प्रमुखले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नेछ। लागत अनुमानमा अनुदानग्राही सहभागिता वापत वेहोर्नु पर्ने निर्धारित अंश र कन्टिन्जेन्सि रकम समेत समावेश गरी लागत अनुमान तयार गर्नु पर्नेछ।



डा. उमेश दाहाल
प्रदेश सचिव

CamScanner

७. मूल्याङ्कन समिति र मूल्याङ्कनका आधारहरु: (१) कार्यालयले प्राप्त आवेदनहरुको मूल्याङ्कन तथा छनौट गर्न देहाय बमोजिमको एक मूल्याङ्कन समिति गठन गर्नेछ ।

| | |
|---|---|
| क) कृषि ज्ञान केन्द्रको प्रमुख वा निजले तोकेको अधिकृत | संयोजक |
| ख) तालुक निकायले तोकेको कृषिसंग सम्बन्धित अधिकृत | सदस्य |
| ग) कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार अधिकृत/प्राबिधिक कर्मचारी | सदस्य-सचिव |

(२) मूल्याङ्कन समितिमा आवश्यकता अनुसार दुई जनासम्म आमन्त्रित सदस्य थप गर्न सक्नेछ ।

(३) आवेदनहरु छनौटको लागी कर्मचारी परिचालन गरी स्थलगत अनुगमन निरीक्षण गराउनुपर्नेछ र निरक्षण प्रतिवेदनको अंक भार मूल्याङ्कन प्रक्रियामा समावेश गराउनुपर्नेछ ।

(४) प्रस्ताव मूल्याङ्कन गर्दा प्रस्तावित क्रियाकलाप अपेक्षित उद्देश्यसँग सम्वन्धीत भए/नभएको हेरी मूल्याङ्कन गर्नु पर्नेछ।

(५) मूल्याङ्कन समितिले सात दिन भित्र स्थलगत मूल्याङ्कन कार्य सम्पन्न गरी अनुसूचि-४ वमोजिम मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(६) मूल्याङ्कन समितीको प्रतिवेदनको आधारमा कार्यालय प्रमुखले अनुदानग्राहीको नामावली तत्काल स्वीकृत गरी सूची प्रकाशन गर्नुपर्नेछ।

८. सम्झौता: (१) अनुदानग्राहीले कार्य सञ्चालनको लागी कार्यालयसँग सूची प्रकाशित भएको तीन दिन भित्र अनुसूचि -५ वमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(२) कार्यालयले स्यालो टयूववेल जडान तथा सञ्चालन कार्यको लागी "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६" अनुसार आपूर्तिकर्ताहरुको सूची तयार गर्न अनुदानग्राही आवेदन सूचना प्रकाशित गरेकै मितिमा सात दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ। तत् पश्चात् तीन दिन भित्र आपूर्तिकर्ता छनौट गरी आपूर्तिकर्ता सँग सम्झौता गरिसक्नुपर्नेछ।

(३) उपदफा (२) वमोजिम सम्झौता भएका आपूर्तिकर्ताहरु मध्येबाट अनुदानग्राहीले कुनै एक आपूर्तिकर्तावाट कार्यक्रम सञ्चालन कार्य तथा आवश्यक सामग्री खरिद गर्न सक्नेछ र सम्झौता अनुसार कृषक दायित्वको रकम आफै भुक्तानी गर्नेछ। कार्यको पारदर्शिता तथा लागत जवाफदेहिताको लागी कार्यालयले कार्यक्रमको चरणवद्ध रुपमा क्रमशः अनुगमन गरी कार्य आदेश/जडान आदेश/सामग्री आपूर्ती वा अन्य उपयुक्त आदेश जारी गर्नेछ।

(४) यस कार्यक्रम अन्तरगत अनुदानग्राहीले स्वेच्छाले खरिद गरेको सेवा/सामग्री वापतको तोकिए बमोजिमको साझेदारी रकम अनुदानग्राहीवाटै प्राप्त गर्ने दायित्व आपूर्तिकर्ताको हुनेछ।

(५) आपूर्तिकर्ताले सम्झौता बमोजिमको समय सिमा भित्र गुणस्तरीय कार्य सम्पादन गर्नु पर्नेछ। कार्य सम्पन्न भएपछि मात्र कार्यालयले अनुदान वापतको रकम भुक्तानी दिनेछ।



डा. उमेश दाहाल
प्रदेश सचिव

CamScanner

९. **जडान कार्य सम्पादन प्रतिवेदन तथा भुक्तानी प्रक्रिया:** (१) अनुदानग्राहीले जडान कार्य सम्पन्न भएको जानकारी गराएपछि कार्यालयले उक्त कार्यको निरीक्षण गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन तथा विल भर्पाइ लगायत कार्यालयले तोकेको अन्य विवरण सहित अनुदान वापतको रकम भुक्तानी माग गर्दा कार्यालयले अनुदान वापतको रकम अनुदानग्राही वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।

(३) कार्यालयले जडान/निर्माण भएको स्यालो ट्युववेल स्थानको जि. पि. एस. कोड अभिलेख राख्नु पर्नेछ ।

१०. **अनुगमन:** मन्त्रालय/ निर्देशनालय/कार्यालयले स्यालो टयुववेल जडानको नियमित सुपरीवेक्षण तथा अनुगमन कार्य गर्नेछ।

११. **विविध:** (१) नेपाल सरकारको मिति २०८२/०४/०७ गतेको घोषणा अनुरुप यो सञ्चालन विधि लागु हुनेछ ।

(२) नेपाल सरकार वा अन्य दातृ निकायहरुबाट राहत स्वरुप यस मन्त्रालयलाई प्राप्त हुने सिंचाई लक्षित कार्यक्रम तथा बजेट यसै सञ्चालन विधि अनुरुप कार्यान्वयन गरिनेछ ।

डा. उमेश दाहाल
प्रदेश सचिव

अनुसूची – १

दफा ५ को उपदफा (१) सँग सम्बन्धित

## सुख्खा एवम् खडेरीबाट तत्काल राहतका लागी भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रमका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/..../.....

यस कृषि ज्ञान केन्द्र,......................., को चालु आ. व. ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत .................................................................................................................... कार्यक्रम रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र तपसिलको कागजात सहित अनुसूचि-२ बमोजिम निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि कार्यालयको वेभ-साईट वा सूचना पाटीमा हेर्न सकिनेछ।

तपसिल:

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनी पूर्जाको प्रतिलिपि,

डा. उमेश दाहाल
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

अनुसूची – २

दफा ५ को उपदफा (२) सँग सम्बन्धित

## सुख्खा एवम् खडेरीबाट तत्काल राहतका लागी भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रमका लागि आवेदकले पेश गर्ने निवेदन

मितिः ........................

श्रीमान् प्रमुख ज्यू

............................... ।

विषय : निवेदन पेश गरिएको सम्बन्धमा

प्रस्तुत विषयमा त्यस कार्यालयबाट मिति २०८२/..../.... मा प्रकाशित सूचना अनुसार .....................................................कार्यक्रम सञ्चालनका लागि म/हामीलाई आवश्यक पर्ने सिंचाई प्रणालिको माग, अनुसूचि-३ बमोजिमको प्रस्ताव तथा आवश्यक कागजातहरु सहित नियमानुसार अनुदान सहयोग पाउनको लागि तपसिल अनुसारका कागजातहरु सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं।

संलग्न कागजातहरु

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि

३. अनुसूचि-३ बमोजिमको प्रस्ताव (कल्ष्टरमा सिंचाई गर्ने उपभोक्ताका लागि)

आवश्यक पर्ने सिंचाई प्रणाली (कुनै एकमा चिन्ह लगाउनुहोस् )

१. चार इन्चसम्मको ब्यासको ट्यूववेल ......फिट गहिराई र सञ्चालनका लागि (कुनै एक छनौट गर्नुहोस्)

(क) विद्युतिय समरसिवल पम्प (ख)विद्युतीय सरफेश पम्प (ग)सोलार पम्प प्रणाली

२. पुरानो जडान ट्युववेलमा सोलार पम्प प्रणाली

पुनश्चः *यो निवेदन कार्यालयले रुजु गरी मात्र दर्ता गर्नुपर्नेछ।*

उपर्युक्त बमोजिमको विवरण सत्य सांचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

आवेदकको:
हस्ताक्षर ...........................
नाम, थरः
ठेगाना:
सम्पर्क नं.



डा. उमेश दाहाल
प्रदेश सचिव

नेपाल सरकार / मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

## अनुसूची – ३

### दफा ५ को उपदफा (२) सँग सम्बन्धित

### सुख्खा एवम् खडेरीबाट तत्काल राहतका लागी भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम अन्तर्गत कल्ष्टरमा सिंचाई गर्ने उपभोक्ता का लागि

**जल उपभोक्ता सम्बन्धी विवरण:**

आवेदक व्यक्ति वा निजको एकासगोल परिवारको निजी जग्गा कार्यक्रम सञ्चालनका लागि आवश्यक न्युनतम जग्गा नपुगेको खण्डमा लिजमा लिएको मन्जुरीनामा सहितको जग्गा वा एक भन्दा बढी कृषक परिवारको सहमतिमा कलस्टरमा सिंचाई सुविधा प्राप्त गर्ने कृषक परिवारको जग्गाको विवरण उल्लेख गर्ने। ( उल्लेख भएका जग्गाको जग्गा धनी प्रमाण पुर्जाको स्पस्ट फोटोकपी पेश गर्नु पर्ने साथै एकासगोल परिवारको अलावा अन्यको जग्गा पेश गरेको भए निजको मन्जुरीनामा वा यस फर्ममा निजको सहमती रहेको हस्ताक्षर अनिवार्य गराउनु पर्ने छ। जग्गा धनी प्रमाण पुर्जाको स्पस्ट फोटोकपी सम्बन्धित जग्गाधनी र निवेदक आफैले प्रमाणित गरि पेश गर्नु पर्नेछ। )

| क्रसं. | जग्गा धनीको नाम | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | नाता | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

उपर्युक्त बमोजिमको विवरण सत्य सांचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

आवेदकको:
हस्ताक्षर ............................
नाम, थरः
सम्पर्क नं.

डा. उमेश दाहाल
प्रदेश सचिव

अनुसूची – ४

दफा ७ को उपदफा (५) सँग सम्बन्धित

**प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु**

| क.सं. | सूचकाङ्क आधार | पूर्णाङ्क |
|---|---|---|
| १. | सुख्खा प्रभावित क्षेत्र (न्यून-५ अङ्क, आंशिक - ७ अङ्क र बढी भए १० अङ्क) | १० |
| २. | सिंचाईको श्रोत (सतही सिंचाई भएको-५, सतही सिंचाई नभएको-१०) | १० |
| ३. | विगत २ वर्षमा उक्त कार्यक्रमबाट लाभान्वित भए/नभएको (भएको-५, नभएको-१०) | १० |

डा. उमेश दाहाल
प्रदेश सचिव

दफा ८ को उपदफा (१) संग सम्बन्धित

**सम्झौता**

कृषि ज्ञान केन्द्र, ..................... (यसपछि " पहिलो पक्ष/कार्यालय "भनिने) को आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ........................................................................................................ कार्यक्रम सञ्चालन गर्न जिल्ला .................., ................................बस्ने कृषक ................................................(यसपछि " दोस्रो पक्ष "भनिने) सुख्खा एवम् खडेरीबाट तत्काल राहतका लागी भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधि २०८२ तथा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि (पहिलो संशोधन) २०७७ बमोजिम छनौटमा परेकोले पहिलो पक्ष बाट स्वीकृत ईस्टिमेट बमोजिम कार्यक्रम सञ्चालन गर्न अनुमति दिईएकोले तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही दोस्रो पक्षले तोकिएको समय भित्र कार्य प्रारम्भ र सम्पन्न गर्न सहमत भई पहिलो र दोस्रो पक्ष विच तपसिलका साक्षीहरुको रोहवरमा यस सम्झौतापत्रमा सहि छाप गरी एक-एक प्रति लियौं/दियौं ।

तपसिलः

१. पहिलो पक्षबाट स्वीकृत लागत ईस्टिमेट र प्राप्त हुने आवश्यक प्राविधिक सरसल्लाह एवं सुझाव अनुसार दोस्रो पक्षले कार्य योजनाअनुसार कार्यक्रम/कार्यहरु मिति २०८२/......./....... देखि प्रारम्भ गरी नेपाल सरकारले मिति २०८२/०४/०७ गते घोषणा गरेको म्याद भित्र (मिति २०८२/....../...... )गते भित्र सम्पन्न गरि सक्नु पर्नेछ । सो मिति भित्र काम सम्पन्न नगरेमा अनुदान भुक्तानी दिन कार्यालय बाध्य हुने छैन ।

२. स्यालो टयुबवेल/सोलार सिंचाई प्रणालि जडानको लागि इष्टिमेट अनुसारको कुल स्वीकृत रकम रु. ............../- मध्ये १५ प्रतिशतले हुन आउने रकम रु. ......................... दोस्रो पक्षले व्योहोर्नु पर्ने छ ।

३. दोश्रो पक्षले अनुदानमा जडान भएको स्यालो ट्युववेल/ सोलार सिंचाई प्रणालिबाट आवश्यक्ता तथा माग अनुसार अन्य कृषकलाई समेत उपयोग गर्न दिनु पर्ने छ । अन्य कृषकलाई उपयोग गर्न नदिएको, निजी बोरिङ्ग सरह प्रयोग गर्ने गरेको जस्ता गुनासो आएमा कार्यालयले भुक्तानी दिएको अनुदान रकम फिर्ता गर्ने प्रक्रिया अपनाउन सक्ने छ ।

४. दोश्रो पक्षले कम्तीमा ३ वर्ष सम्म अनुदानमा जडान भएको स्यालो टयुबवेल तथा मोटरको सुरक्षा,संरक्षण तथा मर्मतको व्यवस्था मिलाउनु पर्ने छ । साथै प्रथम पक्ष वा अन्य कार्यालय, मन्त्रालयबाट भएको अनुगमनको क्रममा देखाउनु पर्ने छ अन्यथा प्राप्त गरेको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

५. दोस्रो पक्षले तोकिएको समय भित्र स्यालो टयुववेल जडान गरी निरिक्षण/अनुगमनका लागि निवेदन/अनुरोध दिए/गरे पश्चात पहिलो पक्षबाट सो कार्यको अनुगमन, नाप जाँच तथा कार्य सम्पन्न प्रतिवेदन तयारी लगायतका सम्पुर्ण प्रकृया पुरा गरि मात्र दोस्रो पक्षको खातामा वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।

६. दोस्रो पक्षले स्यालो टयुववेल जडानका लागि आवश्यक यन्त्र उपकरणहरु आपुर्ति गर्न यस कार्यालयमा सुचिकृत भएका आपुर्तिकर्ताहरु मध्येबाट आफ्नो इच्छाअनुसार(रोजेर) स्यालो टयुबवेल जडानका लागि आवश्यक यन्त्र उकपरणहरु (सामग्री तथा जडान कार्य) खरिद गर्नुपर्नेछ तर अनुदान रकम न्युन्तम दररेटलाई आधार मानी कायम गरिनेछ र सोही बमोजिमको अनुदान रकम मात्र भुक्तानी हुनेछ ।

७. यस सम्झौतामा उल्लेख भएका शर्तशरु यसै बमोजिम र बाँकी कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

| प्रथम पक्ष | | दोश्रो पक्ष | | |
|---|---|---|---|---|
| हस्ताक्षरः .................<br>नामः<br>पदः<br>कार्यालयः | कार्यालयको छापः | हस्ताक्षरः...................<br>नामः<br>ठेगानाः<br>मोवाईल नं.<br>ना.प्र.नः<br>दर्ता नं. 2 | (रेखात्मक)<br>दायाँ | वायाँ |
| रोहवरः<br>१. ................................................... | | २. ................................................................. | | |

ईति सम्वत ...... साल ..........गते रोज......... शुभम्

डा. उमेश दाहाल
प्रदेश सचिव